# लिखु गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि, २०७५

प्रमाणिकरण मिति:- २०७५/०४/०२

नियमावली नं.:- ७

**प्रस्तावना :** लिखु गाउँ कार्यपालिकाको २०७५ जेठ २१ गते बसेको बैठकले लिखु गाउँपालिकाको कार्यालय भित्र एउटा चमेनागृहको आवश्यकता महसुस गरि लिखु गाउँपालिका कार्यालयको परिसरमा सु व्यवस्थित, स्वस्थ्य, सरल र सर्वसुलभ तरिकाले एउटा चमेना गृह स्थापना तथा संचालन गर्नको लागि बान्छनिय देखिएकोले, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट ग्राहकलाई संरक्षण प्रदान गर्न, ग्राहकलाई सुपथ मुल्यमा चियाचमेना उपलब्ध गराउन लगायतका क्रियापलापहरुको व्यवस्थापन तथा नियमन गर्न तत्काल गाउँपालिकाबाट यो कार्यविधि बनाई लागु गर्न आवश्यक भएकाले लिखु गाउँ कार्यपालिकाको मिति २०७५।०३।२२ को बैठकबाट पारित गरी यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "लिखु गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि २०७५" रहेको छ ।

(ख) यो निर्देशिका लिखु गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "कार्यविधि" भन्नाले लिखु गाउँ पालिकाको कार्यालय भित्र रहेको चमेना गृह संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले लिखु गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका चमेना गृह लाई सम्झनु पर्दछ ।

(घ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको उद्देश्य राखी संचालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले चमेनागृह व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद-२
## चमेनागृह व्यवस्थापन

**३. चमेनागृह व्यवस्थापन समितिको गठनः**(१) गाउँकार्यपालिकाले एक चमेनागृह व्यवस्थापन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन विधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**४. समितिका काम, कर्तव्य र अधिकारः** (१) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) चमेनागृहको लागि आवश्यक नितिगत तथा अन्य आवश्यक व्यवस्था गर्ने ।

(ख) सुचना प्रकाशित गरि प्रतिस्पर्धाको आधारमा चमेनागृह संचालकको व्यवस्था गर्ने ।

(ग) चमेनागृहमा बिक्री वितरण हुने वस्तुहरुको व्यवस्थाको लागि समन्वय गर्ने ।

(घ) चमेनागृहमा बेलाबेलामा छड्के अनुगमन वा जाँच गर्ने ।

(ङ) चमेनागृहको न्युनतम भाडा निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।

(च) चमेनागृहमा पाइने चिया, चमेना लगायत विविध खाद्य सामाग्रीको मुल्यसुची तय गर्ने तथा समय तालिका प्रकाशन गर्ने ।

(छ) गाउँ कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने गराउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएपनि गाउँ कार्यपालिकाले चमेनागृहको सम्बन्धमा बिभिन्न मितिमा कार्यपालिकाले गरेको निर्णय बमोजिम काम कामवाही गरीने र आवश्यक परेमा बेला बेलामा कार्यपालिकाले विशेष निर्णय गर्न सक्नेछ तथा यस व्यवस्थापन समितिको काम कर्तव्य सन्तोषजनक नभएमा यस समितिलाई जुनसुकै समयमा विघटन गर्न सक्नेछ ।

**५. बैठकः** चमेनागृह व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ । यसरी बैठक बस्दा कम्तिमा २ दिन अगाडि बैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ । बैठकको निर्णयको गम्भिरता हेरि कार्यपालिकामा निर्णय पेश गर्नु पर्नेछ ।

**६.चमेनागृह व्यवस्थापनः** चमेनागृह व्यवस्थापनमा समितिको भुमिका देहाय बमोजिम हुनेछः

**१) संचालकको छनौटः** निश्चित नियम पुर्याइ चमेनागृह संचालकको छनौट गर्न समितिले नै आवश्यक विज्ञापनसाथ आवश्यक प्रक्रिया गर्नेछ ।

२) **परिकारको सुची र समयतालिका प्रकाशित गर्नेः** चमेनागृहमा पाइने परिकारको सुची तोकिए बमोजिम हुनेछ तथा चमेनागृहमा प्रवेश गर्ने समयतालिका समितिले तय गर्नेछ ।

**३) फर्निचरः** कार्यपालिकाले चमेनागृहको लागि आवश्यक फर्निचर तथा डेकोरेसनको व्यवस्था गर्नेछ । तर फर्निचर तथा डेकोरेसन बाहेकको सामान संचालक आफैले व्यवस्था गर्नुपर्नेछ ।

**४) भाडा निर्धारणः** चमेनागृह संचालनको लागि न्युनतम भाडा कार्यपालिकाले तोकिए बमोजिम हुनेछ । भाडा त्रैमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**५) धरौटीः** चमेनागृह संचालनको लागि निश्चित धरौटी रकम कार्यपालिकाले तोके बमोजिम हुनेछ । सो रकम संचालकले अनुमति पाएपछि यस गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-३
## चमेनागृह संचालन सम्बन्धी व्यवस्था

**७. चमेनागृह संचालकको छनौटः** (१) चमेनागृह संचालन गर्न १५ दिने सार्वजनिक सुचना जारी गरि इच्छुक निजी व्यवसायी वा संस्थाहरु मध्येबाट सुचनामा उल्लेखित प्रकियाबाट निवेदन आव्हान गरिनेछ ।

(२) चमेनागृहको लागि वार्षिक न्युनतम भाडा सुचनामा उल्लेख गरिए बमोजिम हुनेछ ।

(३) आवेदकले सुचनामा निर्धारण गरे बराबर वा सो भन्दा बढी रकम सिलबन्दी खाममा कबोल गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) आवेदकले सिलबन्दी खाम तथा सुचनामा माग गरिए बमोजिमको कागजातका साथमा चमेनागृह संचालनका लागि निवेदन दिनु पर्नेछ ।

(५) कुनै पनि मान्यताप्राप्त होटल वा चमेनागृह संचालन गरेको वा काम गरेको अनुभव प्राप्त आवेदकलाई प्राथमिकता दिइनेछ ।

(६) समितिको रोहवरमा योग्य संचालकको छनौट खुला रुपमा गरिनेछ ।

(७) संचालनको लागि छनौट गरिएका आवेदकहरु मध्ये बाट कामको अनुभव तथा उनीहरुले आवेदनमा उल्लेख गरेको रकमको आधारमा छनौट गरिनेछ ।

(८) संचालक छनौटमा कुनै विवाद उत्पन्न भएमा अन्तिम निर्णय कार्यपालिकाको हुनेछ ।

**८. संचालकको काम, कर्तव्य र अधिकारः** चमेनागृह संचालकको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

१) चमेनागृह व्यवस्थापन समितिले उपलब्ध गराएको समय तथा मुल्यसुची बमोजिम संचालकले परिकार उपलब्ध गराउनु पर्नेछ ।

२) चमेनागृहमा सबै प्रकारका किराना खुद्रा सामान राख्न पाइनेछ । तर तोकिए बमोजिम बाहेक अन्य सामाग्री राख्न पाइने छैन ।

३) चमेनागृहमा तोकिएको समय बाहेक कर्मचारी वा राजनीतिक पदाधिकारी बाहेक अरुलाई चमेनागृहमा प्रवेश गर्न दिनुहुँदैन ।

४) चमेनागृहभित्र कुनै अवाञ्छित गतिविधि भएमा कार्यपालिका वा समितिसँग तत्काल खबर गर्नुपर्नेछ ।

## परिच्छेद-४
## विविध

**९. दण्ड जरिवाना:** (१) चमेनागृह संचालकले चमेनागृह व्यवस्थापन समितिले दिएको दरभाउ भन्दा बढी दरमा बिक्री गर्न पाउने छैन । यसप्रकार बढी दरमा बिक्री भएको जानकारी ग्राहकले चमेनागृह व्यवस्थापन समितिलाई गराएमा त्यसउपर यस समितिले छानबिन गरि देहायको कारबाही अगाडि बढाउन सक्नेछ :

क) यदि सो गुनासो वा उजुरी सहि ठहरेमा एक पटकको लागि मौखिक सुझाव दिन सकिनेछ ।

ख) दोस्रो पटक पनि दोहोरिएमा समितिले कार्यपालिकाले तोके बमोजिम जरिवाना गर्न सक्नेछ ।

ग) पटक पटक सो उजुरी दोहोरिएको पाइएमा समितिले कार्यपालिकासँग परामर्श गरि १ हप्ताको सुचना दिइ चमेनागृह संचालकलाई फेरबदल गर्न सक्नेछ । पुरानो संचालकलाई हटाउने कारबाही अगाडि बढाउदा अर्को संचालकको लागि सुचना आब्हान गर्नुपर्नेछ वा अघिल्लो सुचनामा बैकल्पिक परेको निवेदक मध्ये कस्लाई दिने निर्णय कार्यपालिकाले गर्नेछ ।

**१०. बाधा अडकाऊ फुकाउने अधिकार:** यस कार्यविधिले निर्धारण गरेको कार्य सम्पन्न गर्न कुनै बाधा अडकाउ परेमा वा कार्यविधिमा हेरफेर तथा थपघट गर्नुपर्ने भएमा चमेनागृह व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

# अनुसुची १

**(परिच्छेद ३ दफा ८ को उपदफा ४ सँग सम्बन्धि)**

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मूखाकृति देखिने फोटो टाँसी फोटोमा दस्तखत गर्ने |

**लिखु गाउँ कार्यपालिकाको कार्यालय**
**दरखास्त फारम**
**(चमेनागृह संचालकका लागि)**

**(क) निवेदकले भर्ने विवरण**

**वैयक्तिक विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| निवेदकको नाम, थर | (देवनागरीमा): | | (In English): | | |
| नागरिकता नं.: | | जारी गर्ने जिल्लाः | | जारी मितिः | |
| स्थायी ठेगाना | (अ) जिल्लाः | | (आ) स्थानीय तहः | | (इ) वडाः |
| | (ई) टोलः | (उ) फोन नं.: | | (ऊ) ईमेलः | |
| पत्राचार ठेगाना | (अ) जिल्लाः | | (आ) स्थानीय तहः | | (इ) वडाः |
| | (ई) टोलः | (उ) फोन नं.: | | (ऊ) ईमेलः | |
| बाबुको नाम, थरः | | | आमाको नाम, थरः | | |
| बाजेको नाम, थरः | | | पति/पत्नीको नाम, थरः | | |
| जन्म मिति | (वि.स.मा): | | (ई.स.मा): | | हालको उमेरः |
| जातः | | जन्म स्थानः | | रक्त समूहः | |
| लिङ्गः | | धर्मः | | | |
| वैवाहिक स्थितिः | | रोजगारीको अवस्थाः | | मातृभाषाः | |
| | | | | आमा/बाबुको मूख्य पेशाः | |
| शैक्षिक योग्यता (भएमा उल्लेख गर्ने): | | | | | |

**(ग) अनुभव/तालिम**

| आवश्यक न्युनतम योग्यता | काम गरेको/तालिम दिने संस्था | उपाधि/तालिम | समय |
|---|---|---|---|
| अनुभव | | | |
| तालिम | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटी वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठमा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु ।

| निवेदकको ल्याप्चे सहिछाप | | | निवेदकले माथि उल्लेख गरेका विवरणहरु ठीक छ भनि प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको |
|---|---|---|---|
| दायाँ | बायाँ | | दस्तखतः |
| | | ............................ निवेदकको दस्तखत मितिः | नाम, थरः<br>पद/दर्जाः<br>मितिः<br>कार्यालयको छाप |

# अनुसूची-२

**(दफा ८ को उपदफा ४ सँग सम्बन्धि)**

(अ) चमेनागृहमा बनाउने वा राख्न पाउने परिकारको सुची देहाय बमोजिमको हुनेछ ।

| | |
|---|---|
| **समूह “क” चिया कफी**<br>(१) कालो चिया - १५<br>(२) दुध चिया -२०<br>(३) कागती चिया- १५<br>(४) हट लेमन, - १०<br>(५) कालो कफी, -२०<br>(६) दुध कफी -१५ । | **समूह “ख” चिसो पेय पदार्थः**<br>बजारमा उपलब्ध फ्रुटी, लिची जुस लगायत अन्य जुसहरु राख्न सकिनेछ ।<br>जुसका परिकार सवै |
| **समूह “ग” खाजाका परिकार**<br>(१) फ्राइ राइस ( भेज, बफ, चिकन),<br>(२) रोटी तरकारी, प्रति गोटा- १०<br>(३) सेल तरकारी, प्रति प्लेट -२०<br>(४) खिर तरकारी, - ५०<br>(५) चाउचाउ - ३०<br>६) चाउमिन ( भेज, चिकन, बफ) -५०<br>७) मासु चिउरा- १००<br>८) अण्डा चिउरा - ८०<br>९) माछा चिउरा - १००<br>१०) पकौडा प्रति गोटा- १५<br>११) जेरी प्रति गोटा- १० | १२) थुक्पा - भेज, मटन, चिकेन<br>१३) समोसा तरकारी प्रति गोटा- १५<br>१४) चिकेन फाइ प्रति प्लेट- १५<br>१५) चिकेन चिल्ली<br>१६) बफ फाइ<br>१७) चिकेन पखेटा फाई<br>१८) चिकेन पाङग्रा<br>१९) आलु दम<br>२०) प्याज पकौडा<br>२१) प्याज पकौडा लगायत मौसम अनुसार उपलब्ध खाजाका परिकारहरु राख्न सकिनेछ । |
| **समुह घ खाना**<br>१) सादा खाना - १२०<br>२) मटन खाना - २००<br>३) बफ खाना<br>४) चिकेन खाना -१८०<br>५) माछा खाना - २००<br>६) लोकल कुखुराको मासु -२५० | समुह ङ दुग्धजन्य परिकार<br>१) दुध-४०<br>२) दहि-४०<br>३) मोहि-२०<br>४) घ्यु<br>५) पनिर |

नोटः (१) उल्लेखित परिकारको मुल्यसुची चमेनागृह व्यवस्थापन समितिको सहमतिले निर्धारण गरी कार्यपालिकाबाट स्वीकृत गरी प्रकाशित गर्नुपर्नेछ ।

(२) खुद्रा सामानको मुल्य सूचीसमेत निर्धारित गरे अनुसार राख्नु पर्नेछ ।

| चिया (Tea) | मुल्य रु. |
|---|---|
| कालो चिया (Black Tea) | १५।- |
| दुध चिया (Milk Tea) | २०।- |
| कागती चिया(Lemon Tea) | ।- |
| ताते कागती पानी(Hot Lemon) | ।- |

| अण्डा आइटम (Egg Item) | मुल्य रु. |
|---|---|
| उसिनेको अण्डा (Boil Egg) | २०।- |
| पोज अण्डा (Poze Egg) | ३५।- |
| प्लेन अम्लेट (Plain Omelette) | ३०।- |
| मसला अम्लेट(Masala Omelette) | ३५।- |

| म:म: (Mo:Mo) | मुल्य रु. |
|---|---|
| भेज म:म: (Veg Mo:Mo) | ५०।- |
| बफ म:म: (Buff Mo:Mo) | ६०।- |
| चिकेन म:म: (Chicken Mo:Mo) | ८०।- |

| थुक्पा (Thukpa) | मुल्य रु. |
|---|---|
| भेज थुक्पा (Veg Thukpa) | ४०।- |
| बफ थुक्पा (Buff Thukpa) | ।- |
| चिकेन थुक्पा (Chicken Thukpa) | ६०।- |
| एग थुक्पा (Egg Thukpa) | ६०।- |
| मिक्स थुक्पा (Mix Thukpa) | १००।- |
| हाप थुप्पा | २५।- |

| स्न्याक्स (Snacks) | मुल्य रु. |
|---|---|
| चिकेन फ्राई (Chicken Fry ) | ।- |
| बफ फ्राई (Buff Fry) | ।- |
| चिकेन चिल्ली (Chicken Chilli) | ।- |
| बफ चिल्ली(Buff Chilli) | ।- |
| चिकेन सादेँको | ।- |
| बफ सुकुटी सादेँको | ।- |
| चिकेन पखेटा फ्राई(Chicken Wings Fry) | ।- |
| चिकेन लेग फ्राई (Chicken Leg Fry) | ।- |
| चिकेन पाङ्ग्रा फ्राई | ।- |
| चिकेन ड्रमस्टिक (Chicken Drumstick) | ।- |
| बफ सादेँको | ।- |

| भेज स्न्याक्स (Veg Snacks) | मुल्य रु. |
|---|---|
| पापड ड्राई (Papad Dry ) | ।- |
| पापड फ्राई (Papad Fry) | ।- |
| फिङ्गर चिप्स (Finger Chips) | ।- |
| बफ चिल्ली (Buff Chilli) | ।- |
| क्रिस्पी पोटेटो (Crispy Potato) | ।- |
| भेज पकौडा (Veg Pakauda) | ।- |
| प्राउन चिप्स (Prown Chips) | ।- |
| आलु दम | ।- |
| आलु जिरा | ।- |
| आलु पकौडा (Potato Pakauda) | ।- |
| एग पकौडा(Egg Pakauda) | ।- |

| सलाद (Salad) | मुल्य रु. |
|---|---|
| ग्रीन सलाद (Green Salad) | ।- |
| काको सलाद (Cucumber Salad) | ।- |
| गाजर सलाद (Carrot Salad) | ।- |
| काको नेपाली स्टाइल | ।- |
| **म:म फ्राई र चिल्ली** | **मुल्य रु.** |
| भेज म:म: फ्राई | ७०।- |

| सुप (Soup) | मुल्य रु. |
|---|---|
| भेज सुप (Veg Soup) | १५ ।- |
| बफ सुप (Buff Soup) | २० ।- |
| चिकेन सुप (Chicken Soup) | २५ ।- |
| मटन सुप | ४०।- |

| खाना सेट | मुल्य रु. |
|---|---|
| सादा खाना | १२०।- |
| बफ करी सेट | १५० ।- |
| चिकेन करी सेट | १८० ।- |
| मटन करी सेट | २०० ।- |

| खाजा सेट (Khaja Set) | मुल्य रु. |
|---|---|
| भेज थुक्पा (Mix Veg Khaja Set) | ४० ।- |
| बफ थुक्पा(Mix Non-Veg Khaja Set) | ।- |
| **चिसो पेय पदार्थ (Cold Dring)** | **मुल्य रु.** |
| डिउ - १ गिलास(Dew - 1 Glass ) | ३५।- |
| डिउ सानो (Dew 500ml) | ९०।- |
| जम्बो डिउ (Dew Jumbo) | २३०।- |
| फ्रटी (Frooti) | ३०।- |
| रेड बुल (Red Bull) | १००।- |

| चाउमिन (Chowmin) | मुल्य रु. |
|---|---|
| भेज चाउमिन (Veg Chowmin) | ६०।- |
| बफ चाउमिन (Buff Chowmin) | ३०।- |
| चिकेन चाउमिन(Chicken Chowmin) | ५०।- |
| एग चाउमिन (Egg Chowmin) | ६५।- |
| मिक्स चाउमिन (Mix Chowmin) | १००।- |

| साँदेको | मुल्य रु. |
|---|---|
| बदाम सादेँको | ५०।- |
| भटमास सादेँको | ३०।- |
| आलु सादेँको | ५०।- |
| चाउचाउ सादेँको | ५०।- |

| | |
|---|---|
| बफ म:म: फ्राई | ८०।- |
| चिकेन म:म: फ्राई | १००।- |
| भेज म:म: चिल्ली | ।- |
| बफ म:म: चिल्ली | ।- |
| चिकेन म:म: चिल्ली | ।- |

| फ्राई राइस (Fry Rice) | मुल्य रु. |
|---|---|
| भेज फ्राई राइस (Veg Fry Rice) | ७०।- |
| बफ फ्राई राइस (Buff Fry Rice) | ८०।- |
| चिकेन फ्राई राइस(Chicken Fry Rice) | १२०।- |
| एग फ्राई राइस( (Egg Fry Rice) | ९०।- |
| मिक्स फ्राई राइस(Mix Fry Rice) | १५०।- |

| दही (Curd) | मुल्य रु. |
|---|---|
| सादा दही (Curd) | २० ।- |
| स्पेसल दही (Special Curd) | ।- |